# सामुदायिक रेडियो प्रसारक संघ, नेपाल
## १३ औं वार्षिक साधारण सभा

पोखरा

# कार्य प्रगति तथा साङ्गठनिक प्रतिवेदन


## गोविन्द देवकोटा
## महासचिव


मिति : २०७४ माघ १२ र १३ गते

पोखरा, कास्की

आदरणीय अध्यक्षज्यु,
सामुदायिक रेडियो प्रसारक संघका पदाधिकारी तथा लेखा समितिका संयोजकज्यु, कार्यसमिति र लेखा समितिका सदस्यज्युहरु । सल्लाहाकारज्युहरु तथा देशभरका सामुदायिक रेडियोहरूबाट प्रतिनिधित्व गर्दै पाल्नु भएका आदरणीय सदस्य महानुभावहरू ।
नेपालका पर्यटकीय गन्तब्य स्थानहरु मध्येको एक प्रमुख पर्यटकीय, प्राकृतिक सौन्दर्यले भरिपूर्ण नगरी पोखरामा यहाँहरुलाई हार्दिक स्वागत् गर्न पाउँदा खुशी लागेकोछ। मनोरम तालतलैयाहरु, पोखराबाट सजिलै देख्न सकिने हिमशिखरहरु, रमणीय दृश्यावलोकनका लागि साँस्कृतिक र धार्मिक स्थलहरु, नेपालकै एक महत्वपूर्ण पर्यटकीय नगरी पोखरामा आयोजना गरिएको संघको १३ औं साधारणसभामा मुलुकभरका सामुदायिक रेडियोहरूबाट उत्साहपूर्ण सहभागिता जनाउनु हुने सबै सहकर्मीहरूलाई हृदयदेखि नै हार्दिक अभिवादन गर्दछु। सामुदायिक रेडियो अभियानका संस्थापक अभियन्ता, अग्रज र सामुदायिक रेडियो अभियानमा साथ दिने सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै यस महत्वपूर्ण ऐतिहासिक घडीमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताका लागि प्राणआहुती दिने सम्पूर्ण सहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

पृष्ठभूमि

नेपालमा सामुदायिक रेडियोले आफ्नो प्रसारण सुरू गरेको दुई दशक पूरा भएकोछ । २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४९ सालमा आएको राष्ट्रिय प्रसारण ऐन र राष्ट्रिय प्रसारण नियमावली २०५२ ले गैरसरकारी क्षेत्रबाट समेत प्रसारण मिडिया सञ्चालन गर्न सक्ने व्यवस्था गरे पनि तत्कालीन सरकारले इजाजत दिन इन्कार गर्दै आएको थियो । नागरिक स्तरबाट विभिन्न समयमा भएका प्रयत्नपछि सूचना तथा सञ्चार मन्त्रालयले गैरसरकारी क्षेत्रलाई पनि रेडियो सञ्चालन अनुमति दिने निर्णय गऱ्यो। फलस्वरूप २०५४ जेठ ५ गते पहिलोपटक नेपाल वातावरण पत्रकार समूहले रेडियो सगरमाथा सञ्चालन इजाजत पायो। त्यसपछि मात्र नेपालमा स्वतन्त्र रूपमा रेडियो स्थापना हुने क्रम सुरु भएको हो। नागरिक स्तरबाट रेडियो संचालनमा आएको तीन बर्षपछि रेडियो प्रसारकहरुको २०५७ साल चैत ८ र ९ गते बुटवलमा सम्पन्न पहिलो भेलाले सामुदायिक रेडियोहरुलाई स\गठित गर्दै लैजाने उद्देश्यका साथ सामुदायिक रेडियो प्रसारक संघ नामक गैरसरकारी संस्था स्थापना गर्ने निणर्य गरेको थियो।
बुटवलको भेलामा त्यतिवेला सम्ममा सञ्चालनमा आएका पाँच वटा सामुदायिक रेडियोका प्रतिनिधि र दुई जना ब्यापारिक रेडियोका सदस्य रहनेगरी रघु मैनालीको अध्यक्षतामा सात सदस्यीय तदर्थ समिति गठन गरेको थियो। उक्त समितिको उपाध्यक्षमा हरि श्रेष्ठ, महासचिवमा घमराज लुईटेल, सचिव भरत भुषाल, कोषाध्यक्षमा गुणकर अर्याल, सदस्यहरुमा चैतन्य सापकोटा र समिर नेपाल रहनु भएको थियो। २०५८ साउन २५ गते सम्पन्न पहिलो व}ठकले संस्थाको विधान मस्यौदाकार अधिवक्ता शतिशकृष्ण खरेलले तयार पारेको विधान मस्यौदा पारित गरेको थियो भने संस्था दर्ता गर्न अध्यक्ष र महासचिवलाई अधिकार प्रत्यायोजन गरेको थियो । संस्था दर्ता गर्न कम्तीमा सात सदस्यीय आवश्यक पर्ने भएकोले ब्यापारिक रेडियोका

सञ्चालक चैतन्य सापकोटा र समिर नेपाललाई संस्थाको सदस्य वनाईएको थियो। सामुदायिक रेडियो प्रसारक संघ विधिवत रुपमा २०५९ साउन २८ गते जिल्ला प्रशासन कार्यालय, ललितपुमा गैर सरकारी संस्थाको रुपमा दर्ता भएको थियो।

पाँचवटा सामुदायिक रेडियोबाट शुरु भएको सामुदायिक रेडियो प्रसारक संघमा आज तीन सय भन्दा वढी सदस्य स्टेशनहरु आवद्ध भैसकेका छन। आज नेपालका ७७ वटै जिल्लामा रेडियोको स्थापना र पहुँच पुगेको छ। अकोरावलाई संस्थागत रुपमा विकास गर्दै एक जिल्ला एक रेडियो अभियानलाई सफल पार्न मिनबहादुर शाही नेतृत्वको तत्कालिन कार्यसमितिले खेलेको महत्वपूर्ण भूमिका प्रति कृतज्ञ छौ। नेपालको सामुदायिक रेडियो अभियानलाई अन्तराष्ट्रिय स्तरसम्म स्थापित गर्न मोहन चपागाईंको नेतृत्वको कार्य समितिले महत्वपूर्ण योगदान गरेको छ। साथै सामुदायिक रेडियोका अभियन्ताहरुले संस्था स्थापना र यसलाई संस्थागत गर्न खेलेको महत्वपूर्ण भूमिकाप्रति पनि हामी देशभरका सामुदायिक रेडियोहरु आभारी छौं। सामुदायिक रेडियोहरुलाई स$^{a}$\गठित हुन प्रेरित गरिएको २०५७ साल चैत ९ गतेको बुटवल भेलालाई सामुदायिक रेडियो अभियानको शुरुवातको ऐतिहासिक दिनका रुपमा स्मरण गर्दै हरेक वर्ष चैत ९ गते अकोरावको स्थापना दिवस मनाउने प्रस्ताव सम्मानीत सभा समक्ष गर्न चाहन्छु।

नेपालमा संविधान सभामार्फत संघीय गणतान्त्रिक व्यवस्थासहितको नयाँ संविधान जारी भएको दुई वर्ष तीन महिना पछि संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेकोछ। नयाँ संविधान अनुसार स्थानीय तह, प्रदेश र संघ (केन्द्र) को निर्वाचन सम्पन्न भैसकेको छ। हालै सम्पन्न स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न हुनु र निर्वाचनमा आम नागरिकको सहभागिता उत्साह रुपमा देखिनुमा नेपालका सामुदायिक रेडियोहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन\। नेपालको परिवर्तन र दिगो शान्ति तर्फको यात्रामा उत्पन्न संक्रमणकालका अनेकौ बाधा र अड्चनहरूबीच नेपालका सामुदायिक रेडियोले अन्य सञ्चार माध्यमको पहुँच बाहिर रहेका नेपाली नागरिकलाई सूचना र विचार प्रवाह गरी सुसूचित बनाएको छ। संविधानले व्यवस्था गरेको नागरिकका अधिकार र ऐतिहासिक उपलब्धिबारे नागरिकलाई सूचित र शिक्षित बनाउन सामुदायिक रेडियोहरू क्रियाशील छन्।

सामुदायिक रेडियोमार्फत नै नागरिकले सूचना, शिक्षा र मनोरञ्जनका साथै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै आएका छन्। लोकतान्त्रिक व्यवस्थालाई आधारभूत तहका नागरिकसम्म अभ्यास गराउने माध्यम सामुदायिक रेडियो नै भएका छन्। सामुदायिक रेडियो सञ्चालनका लागि समुदायले गरेको लगानी २ अर्ब रूपैयाँभन्दा बढी भएको छ। नेपालका सामुदायिक रेडियो स्टेशनहरूमा स्वंयसेवी, पूर्णकालीन र आंशिक गरी १० हजारभन्दा बढी सञ्चारकर्मीहरू प्रत्यक्ष रूपमा सहभागी छन्। मुलुकको सतप्रतिशत जनसंख्यासम्म हाम्रो तरङ्गको पहुँच छ भने करिब ७० प्रतिशत भूभागमा सामुदायिक रेडियोहरू मात्रै सञ्चारका निर्विकल्प साधनका रूपमा रहेका छन्। मुलुकका ६० भन्दा बढी स्थानीय भाषाहरूमा कार्यक्रम र समाचार

प्रसारण गरिरहेका सामुदायिक रेडियोहरू नै भाषिक पहिचानका लागि योगदान दिइरहेका सञ्चार माध्यम हुन्। साच्चै नेपालको सामुदायिक रेडियोहरूले प्रस्तुत गरेको काम र प्रभाव राष्ट्रिय र अन्तर्राष्टिय स्तरमा नमुनाका रूपमा स्थापित भएको छ।

सामुदायिक रेडियोहरूको संख्यात्मक बृद्धिले मुलुकको भाषिक र सांस्कृतिक विविधताको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण योगदान गरिरहेको यहाँहरूलाई अवगत नै छ। आधारभूत तहमा सुशासन र पारदर्शीताको प्रत्याभूत गराउने माध्यमका रूपमा पनि सामुदायिक रेडियोहरूको उपस्थितिलाई हेर्न सकिन्छ। सामाजिक अन्धविश्वास र कुरीति हटाउनेदेखि सामाजिक न्यायको संवर्द्धनसम्मका आयाममा सामुदायिक रेडियोहरूको भूमिका बढेको छ र समग्रमा नेपाली समाजको सचेनता बढाउन र उपेक्षित तथा उत्पीडित समुदायको आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउन सामुदायिक रेडियोहरूको योगदान छ।

नेपालका सामुदायिक रेडियोहरू समाज रूपान्तरणका प्रभावकारी औजार हुन सक्ने सम्भावनालाई दृष्टिगत गरेरै हुनुपर्छ, नेपालको विकासमा चासो र चिन्ता राख्ने निकायहरूले पनि अकोराबतर्फ सहयोगी हातहरू बढाउने क्रम बढेको छ। नेपालको सामुदायिक रेडियो आन्दोलनकै तीब्रताको कारणले हुनुपर्छ, आज अकोराव विश्व सामुदायिक रेडियो आन्दोलनको मूलप्रवाहमा समाहित हुन पुगेको । सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्कको सम्मानित सदस्यका रूपमा भूमिका बढेको मात्रै होइन, सहअध्यक्ष जस्तो गरिमामय पदको नेतृत्व नेपालको सामुदायिक रेडियो अभियानले गरिरहेको छ । एसियन इन्स्टिच्यूट अफ ब्रोडकास्टिड डेभलपमेण्ट -AIBD), एसियन ब्रोडकास्टिड. युनियन -ABU) लगायतका अन्तर्राष्ट्रिय संगठनहरूसँगको आवद्धता र प्रभावकारी उपस्थिति पनि मजवुत हुँदै गएको छ। अन्तर्राष्ट्रिय मञ्चमा अकोराबको बढ्दो सक्रियताले नेपालको सामुदायिक रेडियो आन्दोलन अझ दरिलो र फलदायी हुनुका साथै भविस्यका लागि प्रचुर सम्भाबना र अवसर प्राप्ती तर्फ अग्रसर छ।

अकोराबको संस्थागत सुदृढीकरण र यसलाई विभिन्न आस्था, विचार र वाद भन्दामाथि राखेर विशुद्ध सामाजिक आन्दोलनका रूपमा विकास गर्ने प्रयत्न पनि सफल हुँदै गइरहेको छ। संस्था सञ्चालनका लागि शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बलन गरिएकै हुनाले आज अकोराब मुलुककै एक चलायमान, अनुशासित र संगठित संस्थाका रूपमा दरिन सकेको हो । साथै, सामुदायिक सूचना नेटवर्क (सीआइएन)को व्यावसायिक सञ्चालन र यसले हासिल गरेको लोकप्रियता पनि अकोराबको निष्पक्ष कार्यशैलीकै प्रमाण हो । यसको माध्यमबाट अहिले सामुदायिक रेडियोहरूले अत्यन्त सुगमदेखि दुर्गम ठाउँहरूका समुदायलाई एकापसमा जोड्ने काम गरिरहेका छन् । विश्वमै समेत राम्रो पहिचान बनाउन सकेको नेपालको सामुदायिक रेडियो आन्दोलन अब विकासको दोस्रो चरणमा प्रवेश गरिसकेको हाम्रो ठम्याई छ। यसअघि संख्यात्मक विकास आवश्यक थियो। अव रेडियोलाई गुणात्मक वनाउन जरुरी छ।

## मुख्य चुनौती

अहिलेसम्म हामीले समुदायका लागि सामुदायिक रेडियो सञ्चालन गरेको अवस्था छ । अब समुदायले अगुवाई गरेको अर्थात समुदायको सहभागिता, स्वामित्व र सक्रियता सहितको सामुदायिक रेडियो बनाउनु पर्ने मुख्य जिम्मेवारी छ । यसले समुदायका रुचि र सरोकारका विषयलाई प्रसारणको केन्द्रमा ल्याउनुका साथै स्थानीय सवालमा जनमत निर्माण गर्न अझ प्रभावकारी भूमिका खेल्न सक्छ। सामुदायिक रेडियोको जग भनेकै समुदाय भएकाले समुदायको सक्रियताले नै यसको भविष्य निर्धारण गर्छ । समाज र समुदायको गतिमा इन्धन भर्ने काम सामुदायिक रेडियोले गरिरहेका छन। विगत दुई दशकमा सामुदायिक रेडियोको संख्यात्मक बृद्धि जुन उत्साहमा भयो, यसले आम नागरिकमा सूचनाको सहज पहुँच वढाउने काम गर्‍यो, यो उपलब्धिलाई रेडियोको दीगोपनाको निम्ति सामुदायिक रेडियोका संचालकहरुले आजसम्मको अनुभवमा आधारित भएर ठोस योजना निर्माण गर्नुपर्ने चुनौती थपिएको छ।

सूचना प्रविधि क्षेत्रमा भइरहेका परिवर्तन र नयाँ आविष्कारले रेडियोका श्रोतामा पक्कै पनि प्रभाव पारेको छ । तसर्थ रेडियो प्रसारणलाई विश्वसनीय बनाउँदै सामाजिक सञ्जालहरुमा समेत यसको पहुँच पुऱ्याउनुपर्ने दायित्व हामीसँग छ। उसोत विश्व आज डिजिटल यूगमा प्रबेस गरिसकेको सन्दर्भमा सामुदायिक रेडियोले अव त्यसतर्फ पनि ध्यान दिनुपर्ने अवस्था आइसकेको छ। सामुदायिक रेडियोका आधारभूत मूल्य मान्यतालाई सवैले आत्मसाथ गर्ने र समुदायको आवाजको रुपमा स्थापित गर्ने हो भने अझै पनि सामुदायिक रेडियो निर्विकल्प सञ्चार माध्यमको रुपमा रहने निश्चित छ।

## अकोराबको भूमिका

नेपालको सामुदायिक रेडियो अभियानले दुई दशक पार गर्दा अकोरावले समेत डेढ दशकको अनुभव हासिल गरिसकेको छ । सामुदायिक रेडियो मैत्री नीति निर्माण र सदस्य रेडियो स्टेसनको संस्थागत विकासमा योगदान पुऱ्याउँदै आएको अकोरावले स्थापनाको पहिलो दशक कम्तिमा पनि एक जिल्ला एक सामुदायिक रेडियो भन्ने अभियान सञ्चालन गऱ्यो। यो अभियान सफल पनि भयो । रेडियोको संख्यात्मक बृद्धिले सवै नागरिकसम्म सामुदायिक रेडियोको प्रसारण पहुँच पुगेको छ। तर सामुदायिक रेडियोको मूल्य मान्यता र मर्म अनुरुप समुदायले अपनत्व महसुस हुनेगरी रेडियो सञ्चाल हुने, स्थानीय विषयवस्तुले प्राथमिकता पाउने, दक्ष र कुशल जनशक्ति स्थापित हुने विषयमा निकै ठूलो चुनौति देखिएको छ। यसलाई मध्यनजर गरेर सामुदायिक रेडियो प्रसारक संघले आफ्ना सदस्य रेडियोको संस्थागत विकासमा केही सहयोग गरेको छ।

सरकारसँग निरन्तर नीति निर्माणमा पैरवी गरिरहेको छ । भने अन्य दातृ निकाय र साझेदारहरुसँग मिलेर रेडियोको दीगोपनामा मद्दत पुग्ने कार्य गर्दै आएको छ । विपद्को समयमा अत्यावश्यक सहयोग गर्नेदेखि रेडियोकर्मिको क्षमता अभिवृद्धिमा समेत केही प्रयास गरिरहेको छ। हाम्रो समाजमा व्याप्त परम्परागत हानिकारक संस्कार र संस्कृतिलाई अन्त्य गर्ने

अभियान सञ्चालन गरी सकारात्मक सामाजिक रुपान्तरणमा ठोस योगदान पुऱ्याउँदै आएको छ । यस्ता अभियानले सामुदायिक रेडियोको उपस्थिति र भूमिकालाई समाजले मान्यता प्रदान गरेको छ भने रेडियो स्थापित हुन समेत योगदान गरेको छ।

समुदायले अपनत्व महशुस हुनेगरी रेडियोमा स्थानीय विषयवस्तु (Local Content) हुनुपर्दछ। त्यसको लागि दक्ष जनशक्तिलाई कामगर्ने वातावरण सिर्जना गर्न, स्रोतमा रेडियोको पहुँच बढाउन जरूरी छ। स्थानीय सरकार, गैरसरकारी संस्था, निजी क्षेत्रसँग रेडियोको सहकार्य हुन सके मात्र स्रोतमा पहुँच बढ्न सक्छ। रेडियोलाई जबसम्म आत्मनिर्भर बनाउन सकिँदैन तबसम्म रेडियोसँग समुदायमा जाने रेडियो सामग्री उत्पादन हुन सक्दैन। सामुदायिक रेडियोमा जबसम्म स्थानीय उत्पादन हुँदैन तबसम्म समुदायसँगको सम्बन्ध खोज्ने आधार गुम्दै जान्छ। ग्रामीण जनतालाई सुसूचित गर्ने आधिकारिक र विश्वासिलो सञ्चार माध्यामको रूपमा सामुदायिक रेडियोहरूलाई स्थापित गर्न रेडियो कसका लागि, किन भन्ने कुरामा हामी सञ्चालकहरू स्पष्ट हुन जरूरी छ। जबसम्म रेडियोमा लागेका अभियान्तहरूनै रेडियो कसका लागि ? किन स्थापना गरेको ? यसले कसरी समाजको अभिन्न अगंको रूपमा काम गर्छ ? भन्ने कुराको स्पष्ट जवाफ दिन सक्दैन तबसम्म समुदायले खोजेको सामुदायिक रेडियो हुन सक्दैन। यो विषयमा हामी रेडियो सञ्चालकहरूबीच छलफल र बहस हुन जरूरी छ। सामुदायिक रेडियोको पहिचान दिने गरी नीतिले स्पष्ट वोलेपनि सामुदायिक रेडियोको बारेमा छुट्टै ऐन नियमहरू बनाउनुपर्ने हुन्छ, त्यसका लागि सरकारसँग समन्वय गरी कानुन बनाउने तर्फ सामुदायिक रेडियो प्रसारक संघको सक्रिय भूमिको खाँचो देखिन्छ।

नीतिगत तथा कानुनी रुपमा पैरवी

सामुदायिक रेडियो प्रसारक संघले विगत लामो समयदेखि छुट्टै सामुदायिक रेडियो मैत्री नीति ल्याउन सरकारलाई दबाब दिँदै आएकोमा सामुदायिक रेडियो स्थापना भएको झण्डै दुई दशकपछि सरकारले सामुदायिक रेडियोको पहिचान दिने गरी आम सञ्चार नीति २०७३ ल्याएको छ। आम सञ्चार नीतिले सामुदायिक रेडियोको परिभाषालाई ब्यापक वनाएको छ। सो नीतिमा उपभोक्ता समूह, स्थानीय निकाय, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावा पानी तथा मौसम, जन स्वास्थ्य र कृषिसँग सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लब, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यकासाथ सञ्चालित एफएम रेडियोलाई सामुदायिक रेडियोको रुपमा समावेस गरेको छ । यसले सामुदायिक रेडियो प्रसारक संघको विद्यमान विधान भन्दा फरक भएकोले सञ्चार नीतिमा परिभाषा गरिएको सरकारी निकाय वा सार्वजनिक शैक्षिक संस्थालाई सामुदायिक रेडियोको परिभाषावाट हटाउनु पर्ने देखिन्छ।

आम सञ्चार नीति २०७३ को दफा ३ ले फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाँड तथा वितरण योजना वनाएको छ। सोही दफाको २ मा एफएम रेडियो र टि.भी.का फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र ब्यापारिक

प्रसारणका लागि बाँडफाँड गरिने भनिएको छ। यसरी बाँडफाँड भएका फ्रिक्वेन्सीलाई पारदर्शी तथा खुल्ला प्रतिस्पर्धाका आधारमा प्रदान गरिने छ । एफएम रेडियोलाई उपलब्ध गराइएको फ्रिक्वेन्सीको अवधि १८ बर्ष सम्म कायम हुनेगरी कानुनी ब्यवस्था गरिने कुरा आमसञ्चार नीतिमा उल्लेख गरिएकोछ।

सरकारी स्वामित्वमा रहेको रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रुपमा रुपान्तरण गरी लोकतान्त्रिक मूल्य मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी रुपमा सञ्चालन हुने ब्यवस्था गरिने आम सञ्चार नीतिमा उल्लेख छ । एकातिर सरकारी सञ्चार माध्यमलाई सार्वजनिक प्रसारणमा लैजाने भनिएको सोही नीतिमा सरकारी निकायद्धारा सञ्चालित रेडियोलाई सामुदायिक रेडियोमा राखी परिभाषा गरिएको छ यो आफैमा विरोधाभाष देखिन्छ। यसलाई संशोधन गर्न सामुदायिक रेडियो प्रसारक संघको तर्फबाट आमसञ्चार नीति निमार्णका मस्यौदाकार काशिराज दाहालको ध्यानाकर्षण गरिसकेका छौं। आमसञ्चार नीति कार्यान्वयनमा आउँदा यो विषय सच्चिएर आउने अपेक्षा हामीले लिएका छौं।

अर्को विषय नेपालमा संविधान सभा मार्फत नयाँ संविधान निमार्ण र यसको कार्यान्वयनको चरणमा आइपुग्दा स्थानीय सरकारलाई अधिकार सम्पन्न वनाइएको छ। स्थानीय सरकारलाई रेडियोको इजाजत पत्र जारी गर्नेदेखि अनुगमन, नियन्त्रण र इजाजतपत्र रद्दगर्ने सम्मको अधिकार दिइएको छ । नेपालको मुल कानुनसँग बाँझिने गरी स्थानीय सरकारलाई उपलब्ध गराईएको नमुना कानुनमा सर्वोच्च अदालतले खारेज गरेको दफालाई समेत कार्यान्वयनमा ल्याउने गरि रेडियोको इजाजतपत्र रद्द गर्ने हद सम्मको कानुन निमार्ण गर्ने प्रयत्न भएका छन।

लोकतान्त्रिक शासन ब्यवस्था सञ्चालनमा जनतालाई अत्यधिक सहभागिता गराउने उद्देश्यले नागरिकलाई केही महत्वपूर्ण राजनीतिक अधिकारहरु सुनिश्चित गरिएको हुन्छ। त्यस अन्तर्गत अभिब्यक्तिको स्वतन्त्रता र सूचनाको हक पर्दछ । अभिब्यक्तिको स्वतन्त्रताले राज्य संयन्त्रको काम कार्वाहीको खुल्ला रुपमा टीकाटिप्पणी गर्न पाउने स्वतन्त्रता प्रदान गर्दछ । यसबाट राज्यका निकायहरु जनताको वशमा रहन्छन । यी निकायहरु स्वेच्छाचारी र निरंकुश वन्ने सम्भावना कम हुन्छ।

नेपालको संविधानको धारा १७ ले विचार र अभिब्यक्तिको स्वतन्त्रता प्रदान गरेकोछ। त्यसैगरी धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने र पाउने हक प्रत्याभूत गरेको छ। सूचनाको जानकारी आमजनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाधरुपले प्रसारण गर्ने समेतको उद्देश्यले राष्ट्रिय प्रसारण ऐन २०४९ जारी गरिएको भएपनि राज्यको भूमिका नियमन र सहजकर्ताको रुपमा मात्र नभई राज्यले जुनसुकै अवस्थामा प्रसारण माध्यमलाई रोक लगाउन सक्ने हस्तक्षेपकारी भूमिका रहेको देखिन्छ।

संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रता प्रति प्रतिवद्धता ब्यक्त गरिएको छ भने संविधानको धारा १९ मा सञ्चारको हकको ब्यवस्था गरिएकोछ। धारा १९ को (१)मा विद्युतीय प्रकाशन,

प्रसारण तथा छापा लगाएतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रब्य, श्रब्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाइने छैन भनिएको छ। त्यसैगरी (२) मा कुनै श्रब्य, श्रब्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामाग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, उपरकरण, छापा वा अन्य सञ्चार माध्यमलाई वन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामाग्री जफत गरिने छैन भन्नेकुरा उल्लेख गरिएको छ। संविधान तथा कानुनद्धारा सुनिश्चित विचार तथा अभिब्यक्तिको स्वतन्त्रतालाई संविधानको प्रस्तावनामा उल्लिखित लोकतान्त्रिक शासन पद्दति र कानुनी राज्यको अवधारणा तथा सूचनाको प्रवाह निर्वाधरुपले गराउने ऐनको प्रस्तावनामा उल्लिखित उद्धेश्यलाई स$^{a}$\कुचित गरिएको छ।

प्रसारण माध्यमको स्वतन्त्रतामा राज्यको अनुचित हस्तक्षेप भइरहने भएकोले अधिवक्ता राजीव वास्तोलाको निवेदनमा सर्वोच्च अदालतका तत्कालीन का.मु.प्रधानन्यायधिस दामोदरप्रसाद शर्मा, न्यायधिसहरु अनुपराज शर्मा र तर्कराज भट्टको २०७० पुष २५ गतेको विशेष इजलाशले राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ८ मा गरिएको ब्यवस्थालाई खारेज गरेको छ। खारेज भैसकेको दफालाई स्थानीय सरकार मार्फत कार्यान्वनमा ल्याउन सरकारले नमुना कानुनको रुपमा तयार पारेको एफएम रेडियो संचालन सम्वन्धी कार्यविधिको दफा १० मा प्रसारणमा रोक लगाउन सकिने र दफा ११ मा इजाजतपत्र रद्द गर्ने ब्यवस्था गरिएको छ। एफएम रेडियोको समन्वय र अनुगमन गर्न वनेको जनप्रतिनिधिहरु सम्लग्न समितिले आफ्नो अनुकुलको समाचार सम्प्रेषण नगर्ने रेडियोलाई कारवाही गर्न सक्ने गरी कानुन निमार्ण गर्न स्थानीय सरकारलाई प्रेरित गरिएको छ। सामुदायिक रेडियो प्रसारक संघले यस विषयमा गम्भीर वन्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ। स्थानीय सरकारले गाउँ वा नगर परिषदबाट पास गराएको एफएम रेडियो सञ्चालन सम्वन्धि कार्यविधि रेडियोहरुको लागि समन्वयकारी छ की नियन्त्रणमुखी छ ? यसमा सचेतपूर्ण निगरानी राख्न सम्पूर्ण सदस्य रेडियोका प्रतिनिधिज्युहरुलाई आग्रह गर्दछौ।

हामीलाई स्मरण छ, २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्र शाहबाट नेपाल अधिराज्यभर संकटकालीन स्थिति घोषणा गरिएपछि सूचना तथा सञ्चार मन्त्रालयले मिति २०६१ माघ २० गते राजपत्रमा सुचना प्रकाशित गरी शाही घोषणाको भावना विपरीत आतंककारी तथा विध्वंशात्मक गतिविधि र आतंकवादलाई प्रत्यक्ष वा परोक्ष रुपमा दुरुत्साहन वा संघाउ पुग्न जाने प्रकृतिका समाचार, अभिमत वा ब्यक्तिगत विचार समेत एफएम रेडियोबाट प्रसारण गर्न नपाउने गरी छ महिना सम्मका लागि निषेध गरेको थियो। ज्ञानेन्द्र सरकारको कु पछि पत्रकार विनोद ढुंगेलले एफएम रेडियोबाट समाचार र सूचनामूलक कार्यक्रम प्रसारणमा लगाइएको प्रतिवन्ध विरुद्ध सर्वोच्चमा रिट निवेदन दायर गर्नु भएको थियो।

सर्वोच्च अदालतले २०६२ वैशाख ७ गते सरकारको नाउँमा कारण देखाउ आदेश जारी गरेको

थियो भने २०६३ वैशाख २१ गतेको सर्वोच्चका न्यायधीश अनुपराज शर्मा, खिलराज रेग्मी र पवन कुमार ओझाको विशेष इजलाशले समाचारमा रोक लगाउने सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६१ माघ २० गतेको आदेश खारेज गर्ने निणर्य गर्दै निर्वाधरुपमा समाचार र समाचारमूलक कार्यक्रम प्रसारणमा वाटो खोलिदिएको थियो। २०६३ बैशाख २१ गते र २०७० पुष २५ गतेको सर्वोच्चबाट फैसला भएका नजिर र नेपालको मूल कानुनमै पूर्ण प्रेस स्वतन्त्रताप्रति गरिएको प्रतिवद्धतालाई आधार मानी स्थानीय सरकारलाई नियन्त्रणमुखी कानुन नबनाउन भनेर सुझाव दिन सकिने भएकोले यो विषयमा ध्यान दिन प्रदेश कार्य समिति तथा स्थानीय रेडियो स्टेशनका प्रतिनिधि साथीहरुलाई अनुरोध गर्दछु।

स्थानीय सरकारसँगको साझेदारी

सामुदायिक रेडियोले हिजो लोकतन्त्र स्थापना गर्न अधिकार प्राप्तिका लागि, लोकतन्त्र आइसकेपछि संक्रमणकालका उकाली ओरालीमा नागरिकको परिवर्तनको चाहनालाई संस्थागत गराउनको निम्ती र सामाजिक जागरण एंव पछाडी परेको समुदायको सशक्तिकरण, स्थानीय भाषा र सस्कृतीको संरक्षणमा भूमिका खेलेको थियो । अव सामुदायिक रेडियोको मुख्य जिम्मेवारी नागरिकको सुचनाको हक र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गर्ने, स्थानीय सरकार र प्रदेश सरकारका गतिविधिलाई नजिकबाट नियाल्ने हो।

नागरिकका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सवालमा सरकारको ध्यानाकर्षण गराउने तथा सरकारका असल अभ्यास र प्रयासलाई नागरिकसम्म पुर्‍याउने दायित्व सामुदायिक रेडियोको हो । संविधानले स्थानिय सरकारको अधिकार र कार्यक्षेत्र तोकिदिएको छ । स्थानीय सरकारको नजिक रहने आम सञ्चार माध्यम भएकाले समुदायको हक अधिकारका साथै जनप्रतिनिधि र नीति निर्मातालाई नागरिक प्रति जवाफदेही बनाउने भूमिका सामुदायिक रेडियोले निर्वाह गर्नुपर्छ।

हिजो अस्थिर राजनीतिक अवस्थाको फाइदा उठाउदै तत्कालीन राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएको वेला सञ्चार माध्यमले भोग्नु परेको स्थिति होस वा ०६३ पछि पनि विभिन्न क्षेत्रिय तथा जातीय समूहको नाउँमा भएको आन्दोलनको समय होस सञ्चार माध्यम र सञ्चारकर्मी माथि आक्रमण र अशुरक्षाको स्थिति पैदा भएको थियो। त्यतिवेला र्निधक्क, स्वतन्त्र रुपमा सञ्चार माध्यमले काम गर्न पाएका थिएन्न । जवसम्म लोकतन्त्र वलियो हुदैन तव सम्मसञ्चार माध्यमले समेत निर्भयका साथ नागरिकलाई सूचना दिन सक्ने अवस्था हुदैन । साँच्चिकै लोकतन्त्रलाई बलियो बनाउने हो भने सञ्चार माध्यमलाई समेत पत्रकारिताको मूल्य र मान्यताभित्र रहेर स्वतन्त्र रुपमा काम गर्ने वातावरण राज्यले निमार्ण गर्नु पर्छ।

हामी भयरहित अवस्थामा संचार माध्यम संचालन गर्ने र संविधानले दिएको अधिकारभित्र बसेर स्वतन्त्र रुपमा पत्रकारिता गर्न चाहन्छौ त्यो अवस्थाको निमार्णका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग हाम्रो आग्रह छ।

सूचनामा साझेदारी

राज्यले नागरिकलाई पुऱ्याउनु पर्ने लोककल्याणकारी सूचनाहरु, सामाजिक तथा सार्वजनिक हितका लागि सूचनाहरु, जो नागरिक राज्यले उपलब्ध गराउने सेवा सुविधाबाट बञ्चित छ, किनकी मेरालागि राज्यले के सुविधा दिएको छ भन्ने कुरा आम नागरिकलाई थाहा छैन। राज्यले औषधी उपचारमा उपलब्ध गराएको सुविधा होस\ वा सामाजमा पछाडि परेको वर्ग समुदायको लागि उपलब्ध गराईएको अग्राधिकारको सेवा वा सहुलियत होस वा सामाजिक सुरक्षाका लागि अपा[a]\ग, अल्पस[a]\ख्यक, दलित, बृद्ध, एकल महिला, दिएको सेवा सुविधा होस\। साथै किसानले पाउने सुविधाको कुरा पनि यसै भित्र पर्छ। कृषि उपकरणमा अनुदान छ, कृषि उत्पादनलाई बजारीकरण गर्न पनि अनुदान छ। कृषि प्रविधिमा समेत सरकारले सहुलियत दिएकोछ।

राज्यले जसका लागि सेवा दिन हो वास्तविक सेवाग्राही यो सुचनाबाट बेखबर छ अनि त्यसको फाइदा बीचका बिचौलीयाहरुले उठाई रहेकाछन। यस्ता लोककल्याणकारी सूचना समयमै थाहा नपाउँदा राज्यसँग नागरिक टाढिएको अवस्थामा छन। देशमा लोकतान्त्रिक गणतन्त्रको अभ्यास भैरहदा लोककल्याणकारी राज्यले अप्नाउनु पर्ने केही मुलभूत मान्यतालाई सरकारले आत्मसाथ गरि अगाडि वढेको देखिन्छ तर त्यसको फाईदा जुन समुदाय र वर्गले पाउँनु पर्ने हो उसले समयमै सूचना नपाउँदा पाउँन सकेको छैन। हामी नेपालका सामुदायिक रेडियोहरु यिनै विषयमा स्थानीय सरकारलाई नागरिक प्रति जवाफदेही वनाउन, जनता र सरकार विच भरोसापूर्ण सम्वन्ध स्थापित गर्न सूचनामा साझेदारी गर्न चाहन्छौ।

नाफा नलिने उदेश्यका साथ स्थापना भएका सामुदायिक संचार माध्यम मात्र स्थानीय सरकारको भरोसायोग्य साझेदारीका संचार माध्यम हुन सक्छन। लोककल्याणकारी समाज निमार्ण गर्ने स्थानिय सरकारको लक्ष्य पुरा गर्न विभिन्न स्थानीय तह भित्र संचालनमा रहेका देशभरका तीनसय भन्दा बढी सामुदायिक रेडियोहरु स्थानीय सरकारसँग सुचनामा साझेदारी (Partnership) गर्न तयार छन। त्यसमा राज्य तयार होस, स्थानीय सरकारले पनि विश्वासपूर्ण साझेदारको रुपमा सामुदायिक रेडियोलाई अंगीकार गरोस हाम्रो आग्रह छ।

सुशासान र पारदर्शीताका लागि खवरदारी

अर्को विषय लोकतन्त्रलाई संस्थागत रुपमा सवल वनाउन सरकारलाई जिम्मेवार प्रतिपक्षको भूमिका जति महत्वपूर्ण हुन त्यतिनै लोककल्याणकारी राज्य स्थापनाको लागि सरकारलाई सुशासन र पारदर्शी वनाउन मिडियाको भूमिका त्यतिकै महत्वपूर्ण छ। त्यसैले स्थानीय सरकारले आफूले प्राप्त गरेको अधिकार प्रयोग समातमूलक समाज निमार्णका पक्षमा छ की छैन ? सामाजिक न्यायको पक्षमा छ की छैन ? सरकार साच्चिकै नागरिकप्रति जिम्मेवार र जवाफदेही छ की छैन ? उसले सम्पादन गर्ने कार्य पारदर्शी रुपमा अगाडि वढाउन सकेको छ की छैन ? भनेर निगरानी गर्ने र सरकारले भएका नियम कानुनलाई गलत रुपमा प्रयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सामुदायिक रेडियोले खवदारी गर्नेछन। स्थानीय सरकारले गर्ने कार्य सम्पादनलाई सामुदायिक रेडियोले नजिकबाट नियाल्दै (Watchdog) आम नागरिकलाई

जागरुक वनाउने छन।
स्थानीय सरकारलाई सवल, नागरिक अधिकारप्रति उत्तरदायी र कार्य सम्पादनमा जवाफदेही बनाउने हो भने सामुदायिक सञ्चार माध्यमसँगको साझेदारी नै स्थानीय सरकारका लागि उपयुक्त विकल्प हुनेछ।

अकोरावको सक्रियता

संविधान सभाले २०७२ असोज ३ गते संविधानसभा मार्फत संविधान पारित गरेको ९ दिनपछि चितवनको सौराहामा सम्पन्न सामुदायिक रेडियो प्रसारक संघको ११ औ साधारण सभाले आफ्नो विधान परिमार्जन गर्दै संस्थालाई संघिय संरचनामा लैजाने निणर्य गरेको थियो। २०७३ पुष २२ गते काठमाडौमा सम्पन्न छैठां} अधिवेशनबाट अकोरावको संघीय संरचना अनुसार ७ वटा प्रदेश कमिटिको निर्वाचन गरेको थियो। राज्यले राजकीय अधिकार र केन्द्रमा निहित स्रोत समेत स्थानीय तहमा विकेन्द्रीत गरेको अवस्थामा प्रदेश कमिटिहरुको भूमिका महत्वपूर्ण हुने देखिन्छ।

प्रदेश सरकार गठनसँगै प्रदेश तहका मन्त्रालय र कार्यालयहरु कार्यकारी भूमिका सुरु गरे पश्चात प्रदेश कमिटीले सञ्चार र मूलतः एफएम रेडियो सञ्चालन नीति निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नूपर्छ। अन्य सञ्चार माध्यमको पहुँच नपुगेको स्थानमा समेत सामुदायिक रेडियोको पहुँच पुगेको र समुदायको सहभागिता एवं स्वामित्व सहितको प्रभावकारी सञ्चार माध्यम भएकाले लोककल्याणकारी सूचनादेखि अन्य सकारात्मक सामाजिक रुपान्तरणको अभियानमा साझेदारी गर्ने बातावरण बनाउन तत्काल प्रदेश कमिटि सक्रिय भइहाल्नुपर्ने अवस्था देखिन्छ।

स्थानीय स्रोतमा रेडियोको पहुँच छैन, एउटै भूगोल र प्रसारण क्षेत्रभित्र भएका सामुदायिक रेडियोहरु बीचमा समेत मैत्रीपूर्ण सम्वन्ध छैन, स्थानीय सरकारको नेतृत्व गरिरहेका जनप्रतिनिधिलाई स्वार्थ समूहले सामुदायिक रेडियोको अभियानभन्दा बाहिर लान खोज्दैछ, यस्तो अवस्थामा प्रदेश कमिटिलाई क्रियाशिल वनाई स्थानीय सरकारसँग सामुदायिक रेडियोको महत्व र आवश्यकता वोध गराउनु नै मुख्य चुनौती देखिएको छ। प्रदेश कमिटिहरुले नै अव सामुदायिक रेडियोहरुलाई समुदायसँगको अपनत्व कायम गराई स्थानीय सरकारसँगको साझेदारीलाई अगाडि वढाउनु आजको प्रमुख कार्यभार हो।

समुदायिक रेडियो प्रसारक संघले प्रदेश कमिटिलाई कार्यकारी वनाउने उदेश्यले ७ वटा प्रदेशमा भेला गराई सम्पूर्ण सदस्यहरुको सुझाव अनुसार नै प्रदेश कमिटि सञ्चालन कार्यविधि निमार्ण गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेश कमिटिलाई खाता खोल्न र कार्यालय स्थापना गर्न सचिवालयले प्रत्येक प्रदेश कमिटिलाई पचास हजार रुपियाँ उपलब्ध गराएको छ। हालसम्म प्रदेश नं. १ र २ ले सम्पर्क कार्यालय खोल्न र वैक खाता सञ्चालन गर्न नसकेकोले रकम पठाइएको छैन। ती प्रदेश कमिटिका पदाधिकारीलाई पटक पटक खाता खोल्न सचिवालयको तर्फबाट आग्रह गरिएको छ।

संघीय व्यवस्था कार्यान्वयनमा आएपछि केन्द्रमा भएको स्रोत सधान स्थानीय र प्रदेश सरकारमा केन्द्रित हुने भएकोले ती स्रोतमा सामुदायिक रेडियोको पहुँच पुऱ्याउन पनि अव प्रदेश कमिटिहरु सक्रिय हुनुपर्ने देखिन्छ । कार्यालय स्थापनाको लागि मात्र अकोरावको सचिवालयले एक पटकलाई रकम पठाएको हो । प्रदेश कमिटिहरु चलायमान वनाउन पदाधिकारी र सदस्यज्यूहरुको सक्रिय भूमिकाको खाँचो पर्दछ । प्रदेश सरकार गठन हुने समयमा प्रदेश कमिटिले प्रभावकारी रुपमा भूमिका निर्वाह गर्न सकियो भने प्रदेश कमिटि संचालनमा स्रोत ब्यवस्थापनमा सहज हुने भएकोले त्यस तर्फ सक्रियता देखाउन सम्पूर्ण प्रदेश कमिटिका पदाधिकारी तथा सदस्य रेडियो स्टेशनका प्रतिनिधि साथीहरुको ध्यानाकर्षण गर्न चाहन्छु।

दाङको लमही नगर विकाश समितिले लमही नगर पालिका वडा नं. ५ स्थित रातोडाँडामा सामुदायिक रेडियो प्रसारक संघ प्रदेश नम्वर ५ का नाउँमा कार्यालय स्थापनाको लागि १५ घुर घडेरी (जग्गा) उलपब्ध गराउने निणर्य गरेको छ। प्रदेश कार्यालय स्थापनाको लागि नगर विकास समितिसँग घडेरी लिन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रदेश नम्वर ५ का अध्यक्ष केपी घिमिरे र उहाँको टिमलाई हार्दिक वधाई छ। साथै सामुदायिक रेडियो प्रसारक संघलाई प्रदेश कार्यालय स्थापनाको लागि जग्गा उपलब्ध गराउने लमही नगर विकास समिति दाङलाई समेत देशभरका सामुदायिक रेडियोहरुको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं।

सामुदायिक रेडियोलाई ब्यवस्थित र समुदायमैत्री रुपमा स्थापित गर्न सदस्य रेडियो स्टेशन, प्रदेश कमिटि र केन्द्रिय कार्य समितिको प्रभावकारी भूमिकाको खाँचो देखिन्छ । स\ाघीय संरचनामा मुलुक अगाडि वढने क्रममा रहेको अवस्थामा सामुदायिक रेडियोको प्रभावकारितालाई नीति निमार्ण तहसम्म बुझाउन सकियो भने सामुदायले खोजेजस्तो सामुदायिक रेडियो बनाउन सकिन्छ।

अव हाम्रो (रेडियो स्टेशनको) भूमिका :

- समुदायको अर्थपूर्ण र सक्रिय सहभागिता बढाउन।
- रेडियोले आवधिक योजना तयार गरी त्यसलाई पूर्ण रुपले कार्यान्वयन गर्न।
- स्रोता सर्बेक्षणका आधारमा आम चाहना वमोजिम सोही अनुसार कार्यक्रम उत्पादन तथा प्रसारण गर्न।
- स्थानीय स्रोतको खोजी तथा परिचालन गर्न।
- रेडियोको (Content) विषयवस्तुमा समुदायको सहभागिता वढाउन।
- रेडियोको आन्तरिक तथा बाह्य स्रोतको पारदर्शीता कायम गर्न।
- स्थानीय तहसँगको समन्वय तथा सहकार्यलाई महत्वका रुपमा उपयोग गर्न।
- रेडियोको आर्थिक तथा प्रशासनिक नियमावली एवं आचार संहिता तयार गरी कार्यन्वयन गर्न।

एउटै जिल्लाभित्र रहेका सामुदायिक रेडियोबीचको भूमिका :

- एकआपसमा कार्यक्रम उत्पादन र सामाजिक वजारीकरणमा स्वच्छ प्रतिस्पर्धा गर्न।

- आपसी सहकार्यका लागि समय समयमा प्रसारकहरु बीच वैठक बस्न।
- स्थानीय साझा मुद्दामा संयुक्त रुपमा कार्यक्रमको आयोजना गर्न।
- सामुदायिक रेडियोको महत्व र यसले समाजमा पारेको सकारात्मक प्रभावका बारेमा संयुक्त रुपमा बहस एवं पैरवी गर्न र रेडियो मार्फत त्यस वारे जानकारी दिन।
- एउटै प्रसारण क्षेत्र भित्र रहेका सामुदायिक रेडियोको सयुक्त रुपमा सामाजिक बजारीकरण गर्न।
- रेडियोको दिगोपनका लागि स्थानीय सरकारसँग समन्वय, सहकार्य तथा साझेदारी गरी कार्य योजना बनाउन।
- स्थानीय आवश्यकता अनुसार कार्यक्रम उत्पादन तथा प्रसारण गर्न रेडियोहरु बीचमा क्षेत्र फाँडफाड गर्न।
- रेडियोहरुबीच विषयगत दक्षतासहित पहिचान स्थापित गर्न।
- विषयगत कार्यक्रम उत्पादन गरी एकअर्को रेडियोमा साटासाट (Share) गर्न।
- जिल्ला भित्रका रेडियोकर्मी बीच सहकार्य, समन्वय र साझेदारी गर्न उपयुक्त वातावरण निर्माणका लागि सयुक्त भेला, तालिम वा अनुभव साटासाटका कार्यक्रमको आयोजना गर्न।

प्रदेश कमिटिको भूमिका

- प्रदेश सरकारसँग समन्वय तथा सहकार्यलाई जोड दिन।
- सामुदायिक रेडियो अभियानलाई सुदृढ,सङ्गठित र व्यवस्थित गर्न।
- सामुदायिक रेडियोका माध्यमबाट समुदायमा विकास र लोकतान्त्रिक अभ्यासको प्रवर्द्धन गराउन।
- सामुदायिक रेडियो पत्रकारिताको व्यावसायिक विकासका लागि आवश्यक पहल गर्न।
- सामाजिक सद्भाव,मेलमिलाप एकता एवं सकारात्मक सामाजिक रुपान्तरणका लागि सामुदायिक रेडियोहरूलाई क्रियाशील बनाउन।
- स्थानीयतह तथा प्रादेशिक सरकार र सामुदायिक रेडियो स्टेसनहरूबीच सम्बन्ध सेतु ( पुल) को काम गर्दै नागरिकहरूको सुसूचित हुने अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको पक्षमा सदस्यहरूलाई प्रेरित गर्न।
- सामुदायिक रेडियोको पूर्वाधार विकास, दिगोपन, दक्षजनशक्ति विकासका लागि आवश्यक पहल गर्न।
- स्थानीयतहमा सामुदायिक रेडियोका पक्षमा नीतिगत पैरवी गर्न।
- प्रसारण पहुँच एउटै भुगोलमा भएका रेडियो स्टेशनबीच कार्यक्रम उत्पादन र सामाजिक बजारीकरणका लागि समन्वय र साझेदारी गर्न।

केन्द्रीय कमिटिको भूमिका

- बनेका बिभिन्न निती तथा बिनियमहरुलाई सामुदायिक रेडीयो मैत्री बनाउन सरकारसँग पहल गर्न।
- सामुदायिक रेडियो अभियानलाई सङ्गठित र व्यवस्थित गर्दै प्रसारक र रेडियोकर्मीहरूको हकहितको संरक्षण तथा संवर्द्धन गर्न।
- सञ्चारको माध्यमबाट समुदायमा विकास र लोकतान्त्रिक अभ्यासको प्रवर्द्धन गराउर्न
- सामुदायिक रेडियो पत्रकारिताको व्यावसायिक विकासका लागि आवश्यक पहल गर्न।
- विभिन्न जातजाति र भाषाभाषीबीच सद्भाव बढाउन सामुदायिक रेडियोहरूलाई क्रियाशील बनाउन।
- सम्बन्धित विषयक्षेत्रहरूमा अन्तराष्ट्रिय सम्बन्धको विस्तार गर्न।
- समाज र समुदायप्रति उत्तरदायी रेडियो पत्रकारिताका लागि सामुदायिक रेडियोहरूलाई उत्प्रेरित गर्न।
- सरकार र सामुदायिक रेडियो स्टेसनहरूबीच सम्बन्ध सेतु (पुल) को काम गर्दै नागरिकहरूको सुसूचित हुने अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको पक्षमा सदस्यहरूलाई प्रेरित गर्न।
- समय समयमा प्रदेश कमिटिले गरको काम र रेडियोको अनुगमन गर्न।

अकोरावको अभियान :

सामुदायिक रेडियो प्रसारक संघले वर्ल्डभिजन इन्टरनेशनलसँगको सहकार्यमा वालविवाह अन्त्य अभियानको शुरुवात गरेको छ। सम्मानानीय राष्ट्रपति विद्यादेवी भण्डारीले एक कार्यक्रमका बीच वालविवाह अन्त्य अभियानको उद्घाटन गर्नुभएको थियो । उहाँले नेपालमा सामुदायिक रेडियोको महत्व र यसले समाज परिर्वतनका लागि खेलेको भूमिकाको प्रंशसा गर्नुभयो । वालविवाह अन्त्य अभियानलाई सहयोग पु-याउने उदेश्यले सामुदायिक रेडियोहरुले विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेका छन।

सामुदायिक रेडियो प्रसारक संघले 'विश्व रेडियो दिवस" मा आयोजना गरेको कार्यक्रममा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । उहाँले कार्यक्रमको उद्घाटन गर्दै सामुदायिक रेडियोहरु समाजका अभिन्न अङ्गको रुपमा स्थापित भैसकेको बताउनु भएको थियो। उहाँले सामुदायिक रेडियोलाई स्थानीय सरकारको साझेदारको रुपमा लैजान सकिने बताउनु भएको थियो।

सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडाको नेतृत्वमा गएको पदाधिकारी सम्मिलित टोलीले सूचना तथा संचार मन्त्री मोहन वहादुर वस्नेतसँग उहाँको कार्यकक्षमा भेटगरी संचार मन्त्रालयले उपकरणको नविकरणमा बृद्धि गरेको रकम खारेज गर्न माग गरेको छ

। साथै सवै वाट क्षमताका रेडियोहरुको नविकरण र रोयल्टी तिर्ने ब्यवस्था जिल्ला हुलाक कार्यालयबाट गर्ने ब्यवस्था मिलाउन माग गरिएको छ।
संघले अर्थ मन्त्री ज्ञानेन्द्र वहादुर कार्कीसँग भेट गरि सामुदायिक रेडियोहरुलाई सामाजिक उद्यमको मान्यता दिन र लोककल्याणकारी विज्ञापनमा अन्य संचार माध्यम सरह रेडियोलाई पनि उपलब्ध गराउन माग गरेको छ।
महत्वपूर्ण निणर्य :
(क) सूचना तथा संचार मन्त्रालयले सङ्गीत रोयल्टी संकलन समाजलाई एफएम रेडियोको कूल कारोबारको एक प्रतिशत रोयल्टी बुझाउन बाध्य बनाउने गरी एफएम रेडियोको नवीकरण, प्रतिलिपि, ठाउँसारी र राजश्व समेत लिएको छैन । मन्त्रालयले जिल्ला हुलाक कार्यालयहरुलाई समेत सङ्गीत रोयल्टी सङ्कलन समाजसँग गरेको सम्झौतापत्र पेश नगरेसम्म एफएम रेडियोको कुनैपनि काम नगर्न निर्देशन दिएको छ । सञ्चार मन्त्रालयको समन्वयमा रोयल्टी सङ्कलन समाज र अकोराव, वान लगाएत सरोकारवाला पक्षबीच मन्त्रालयमा पटक पटक छलफल भएका छन । सञ्चार मन्त्रालयले समन्वय गरेर समस्याको समाधान गर्नुपर्नेमा कुनै एक पक्षको वकालत गरिरहेको हुँदा यस विषयमा कुनै निणर्य हुन सकेको छैन। श्रष्टा र सर्जकलाई सम्मान गर्ने र उहाँहरुको मिहिनेतको उचितरुपमा सम्बोधन हुनुपर्छ भन्ने पक्षमा सामुदायिक रेडियो प्रसारक संघ सकारात्मक हुँदा हुँदै हचुवाका भरमा कुल कारोवारको एक प्रतिशत रोयल्टी समाजलाई एफएम प्रसारकहरुले रकम वुझाउनु पर्छ भन्ने मन्त्रालयको हस्तक्षेपकारी भूमिकाको संघ घोरभर्त्सना गर्दछ। कालाकार हाम्रा धरोहर हुन, गीत संगीत हाम्रा सम्पती हो । यसको संरक्षण र प्रर्वद्धन गर्नु सामुदायिक रेडियोको दायित्व हो । देशभरका सामुदायिक रेडियोहरुले स्थानीय कला, सँस्कृति र गीत सङ्गीतको प्रर्वद्धनमा महत्वपूर्ण भूमिका खेलेका छन । एउटा कलाकारको गीत आम नागरिकका बीचमा पुऱ्याउने, कालाकारलाई स्रोताका विचमा चिरपरीचित गराउने काम समेत एफएम रेडियोले गरेका छन। एफएम रेडियोकै माध्यमले गीत सङ्गीत प्रसारण हुँदा कालाकारहरु आज देश विदेशमा समेत आफ्नो कला प्रस्तुत गर्ने अवसर पाएका छन रेडियोले नै उनीहरुलाई लोकप्रिय बनाउने काम गरेको छ। तसर्थ संङ्गीत रोयल्टी संकलन समाजले एफएम रेडियोले खेलेको भूमिकाको समेत स्मरण गर्दै एउटा कार्यदल वनाई ठोस अवधारणा वनाउन सकरात्मक भूमिका निर्वाह गर्न आग्रह गर्दछौ । यस विषयमा अकोरावले कस्तो निणर्य लिनुपर्ने हो सम्मानित सभाको ध्यानाकर्षण गर्न चाहन्छु।
(ख) नेपाली नागरिकको अधिकारसँग जोडिएका महत्वपूर्ण विषयमा प्रभाव पार्ने गरी नेपालका सुरक्षा निकायहरु नेपाली सेना र नेपाल प्रहरीलाई एफएम रेडियो संचालन गर्न सूचना तथा सञ्चार मन्त्रालयले इजाजत दिएको प्रति सामुदायिक रेडियो प्रसारक संघको गम्भिर ध्यानाकषर्ण भएको छ । सुरक्षा निकाय जस्तो संवेदनशील निकायलाई एफएम रेडियो संचालनको इजाजत दिने सञ्चार मन्त्रालयलाई आफ्नो निणर्य सच्चाउन र तत्काल इजाजत

फिर्ता लिन जोडदार माग गर्दै सूचना तथा संचार मन्त्रालय लगाएत सरोकारवाला पक्षको ध्यनाकषर्ण गराएको छ।

(ग) सामुदायिक रेडियो प्रसारक संघको २०७४ साउन २७ गते वसेको केन्द्रिय कार्य समितिको बैठकले संघको विधानको दफा ११(४) ले दिएको अधिकार प्रयोग गरी रेडियो सुदूर आवाज डडेलधुराबाट प्रतिनिधित्व गर्ने श्री रमेश कुमार जोशी र रेडियो कृषि धादिङबाट प्रतिनिधित्व गर्ने श्री सरोज पौडेललाई केन्द्रीय कार्य समितिको सदस्य पदमा मर्नोनित गरेको छ।

(घ) एकसय वाट सम्मका एफएम रेडियोको इजाजतको नवीकरण जिल्लाबाट गर्ने मन्त्रालयको निर्णयले उपकरण (लाइसेन्स)को इजाजत नविकरणका लागि पुन मन्त्रालय धाउँनुपर्ने वाध्यतावाट रेडियोले छुटकरा नपाउने स्थितिलाई सम्वोधन गर्न र इजाजत प्राप्त सवै क्षमताका रेडियोको प्रशारण र उपकरण (लाईसेन्स) को इजाजत पत्र जिल्ला हुलाक कार्यालयबाट नविकरण गर्ने ब्यवस्था मिलाउन तत्कालीन सुचना तथा सञ्चार मन्त्री सुरेन्द्रवहादुर कार्कीलाई ज्ञापनपत्र बुझ्ाईएको थियो । संचार मन्त्रालयले संघको मागलाई सम्वोधन गर्दै पाँच सयवाट क्षमता सम्मका रेडियोको प्रशारण र लाईसेन्सको इजाजतपत्र जिल्ला हुलाकबाट नवीकरण गर्ने निर्णय गरेको छ। यसबाट रेडियोलाई केही राहत मिलेको छ। सञ्चार मन्त्रालयलाई संचालनमा आएका सवै क्षमताका रेडियोको नवीकरण सम्वन्धित हुलाक कार्यालयबाट गर्न माग गरिएको छ।

नमुना रेडियो/पुरस्कार

सामाजिक रूपान्तरणमा लागेका सामुदायिक रेडियोले स्थानीय स्तरमा लक्षित समुदायलाई अनुभूत हुनेगरी प्रसारण गरेको कुनै रेडियो कार्यक्रम वा समाचारले पारेको प्रभावलाई मध्यनजर गरी हरेक वर्ष देशभरका रेडियोमध्ये उत्कृष्ट हुने एउटा रेडियोलाई पुरस्कृत गर्ने परम्पराको थालनी आगामी वर्षदेखि गरिनेछ । उत्कृष्ट रेडियो छनौटका लागि निश्चित मापदण्ड तयार गरिनेछ । हरेक प्रदेशमा एउटा प्रसारक संस्थालाई नमुना रेडियो बनाउन प्रदेशभित्र भएका सामुदायिक रेडियोहरु विच मैत्रीपूर्ण रुपमा स्वच्छ प्रतिस्पर्धा गराईनेछ । यसका लागि पनि निश्चित मापदण्ड तोकिनेछ । यसले रेडियो प्रसारकहरुलाई सामुदायले अपेक्षा गरेको जस्तो सामुदायिक रेडियो बनाउन उत्प्रेरित गर्नेछ।

वालवालिकाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने सामुदायिक रेडियोहरु मध्ये एउटा रेडियोलाई ५० हजार राशीको पुरस्कार दिने थालनी भएको छ। केन्द्रीय वालकल्याण समिति र अकोरावको सयुक्त प्रयासमा यस पुरस्कारको भएको हो । सन २०१७ को पुरस्कार सिन्धुली जिल्लामा रहेको रेडियो सिन्धुलीगढीलाई प्रदान गरिएको छ।

प्राविधिक सहयोग :

सामुदायिक रेडियो प्रसारक संघका वरिष्ठ प्राविधिक इन्जिनियर रादिप महर्जनले पाँचवटा रेडियोमा पुगी प्राविधिक र १५ वटा रेडियोमा एसएमएस सेवाको लागि सहयोग पुऱ्याउनु भएको छ। त्यस्तैगरी संघमा रहेको उपकरण सापटी सेवा अन्तरगत ८ वटा रेडियोले

लिएका छन भने ४० वटा रेडियोमा म्त्ज जडान लागि सिफारिस सहित प्राविधिक सहयोग उपलब्ध गराएको छ। टेलिफोन मार्फत करिब २०० भन्दा बढी रेडियोहरुको प्राविधिक समस्या समाधान गरिएको छ। सघमा मर्मत सभार लागि आएका करिव ३० वटा उपकरणहरु मर्मत गरिएको छ। रेडियोवाट सिफारिस भई आएका २ प्रविधिकका लागि प्राविधिक ईन्टनसिप सेवा उपलब्ध गराईएको छ। संघले भूकम्पका बेला छिटो-छरितो र कम उपकरणको सहायताले नगरिकलाई सूचना पुऱ्याउनको लागि संघका प्राविधिकले खेलेको भूमिकाको उच्चकदर गर्दै एवियू ९ब्यग० ले संघका बरिष्ठ प्राविधिक इन्जिनियर.रादिप महर्जनलाई पुरस्कृत गरेको छ।

सदस्यता प्रदान :

सामुदायिक रेडियो प्रसारक संघ नेपालको २०७४ साउन २७ गते सम्पन्न केन्द्रीय कार्य समितिको बैठकले सदस्यताको लागि रितपूर्वक निवेदन दिएका निम्न रेडियोहरूलाई सदस्यता दिने निणर्य गरिएकोछ । क्र.स.रेडियो जिल्ला१रेडियो सुनसरीसुनसरी२रेडियो भिजनओखलढुंङ्गा३नयाँ अभियानधनकुटा४रेडियो श्रीनगर हुम्ला५रेडियो फ्रेन्डसनुवाकोट६रेडियो उन्नति भोजपुर७रेडियो मितासिराहा८आफ्नो एफएमरुकुम९रेडियो सोनामाईमहोत्तरी१०रेडियो डाँडाधरा सुर्खेत११रेडियो भेरीगंगासुर्खेत१२रेडियो सद्भाववाँके।

आगामी कार्ययोजना :

संघको ५ वर्षे रणनीतिक योजना (२०१४ देखि २०१८) तयार भएको छ। सोही रणनीतिका आधारमा कार्ययोजना बनाई लागू गरिनेछ।

१. सामुदायिक रेडियोलाई नागरिकको हितमा काम गर्ने उत्तरदायी संस्थाको रूपमा विकास गर्न अनुकूल कानुनी वातावरण निर्माण गर्ने।
   - सामुदायिक रेडियो मैत्री कानुन र निर्माणतर्फ अग्रसर रहने
   - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका साझेदार संघसंस्थासँग सहकार्य गरी कार्यक्रमहरू अगाडि बढाउने

२. संघ र यसका सदस्य सामुदायिक रेडियोहरूलाई प्रभावकारी र सक्षम संस्थाको रूपमा संस्थागत गर्ने।
   - केन्द्रीय तथा प्रादेशिक सचिवालय पूर्ण रुपमा व्यवस्थित गराउने।
   - सामुदायिक रेडियोहरु स्वाबलम्बी र संस्थागत विकास भई सफल सामुदायिक सञ्चारमाध्यमका रूपमा सुदढ गराउने।

३. सामुदायिक रेडियोलाई शान्तिपूर्ण सामाजिक रूपान्तरणको उत्प्रेरक र सामाजिक न्याय, मानवअधिकार र उत्तरदायी शासनको प्रवर्द्धकका रूपमा स्थापित गराउने एवं सशक्त बनाउने।

समुदायले सामुदायिक रेडियोलाई स्थानीय अर्थतन्त्रको प्रवर्द्धकका रूपमा

उपयोग गरेका हुने छन्।

सामुदायिक रेडियोहरू समुदायमा सामाजिक रूपान्तरणका अगुवा प्रतिनिधि भएर क्रियाशील रहने छन्।

रेडियो कार्यक्रम मार्फत् समावेशीकरण लगायतका स्थानीय एजेन्डालाई सम्बोधन गरिने र कार्यान्वयन भएका हुने छन्।

सामुदायिक पत्रकारिताले आमसञ्चारमा मौलिक पहिचान एवं नयाँ आयामको रूपमा मान्यता प्राप्त गरेको हुनेछ।

सामुदायिक रेडियोहरू आमनागरिकको सूचनाको हकका सहजकर्ता भएका हुने छन्।

कार्य योजना अन्तरगत निम्न कामलाई प्राथमिकता दिइनेछ

(१) सञ्चार नीति २०७३ अनुसार एक वर्षभित्रै सामुदायिक रेडियो प्रसारण ऐन बनाउने कामलाई प्रमुख प्राथमिकता दिइने।

(२) सामुदायिक रेडियोको दिगोपनका लागि स्थानिय स्रोतमा जोड दिने।
(३) लोककल्याणकारी विज्ञापनको रकम बृद्धिका लागि दवाव दिने।
(४) सामुदायिक रेडियोहरूको प्रभावमूल्यांकन गर्ने।
(५) सीआइएनको स्तरउन्नति र बजारीकरणका कार्यक्रम अघि बढाउने।
(६) रेडियोमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि थप कार्यक्रम सञ्चालन गर्ने
(७) देशभरका सामुदायिक रेडियोहरूको प्रोफाइल तयार पार्ने।
(८) संघको ५ वर्षे रणनीतिक योजना (२०१९ देखि २०२३) कार्य योजना तयार गरिनेछ।

राज्यसँग माग

(१) नेपालको लगभग सम्पूर्ण भूभाग र जनसंख्यामा पहुँच पुगेको सामुदायिक रेडियोको प्रभाव र शक्तिलाई संविधान निर्माण पश्चातको अबको सकारात्मक सामाजिक रूपान्तरण, आर्थिक विकास र सम्बृद्ध राष्ट्र निर्माणको अभियानमा महत्वपूर्ण साझेदारको रूपमा सहकार्य गर्ने व्यवस्था मिलाइयोस्।

(२) विद्युतीय आम सञ्चार माध्यमलाई पनि छापा माध्यम सरह लोक कल्याणकारी विज्ञापन रकम मासिक रूपमा वितरण गर्ने व्यवस्था गरियोस्।

(३) विद्युतीय र छापा माध्यम दुवैलाई संविधानले समान हैसियत प्रदान गरेको भए पनि व्यवहारमा विद्युतीय सञ्चार माध्यमले छापा माध्यमले भन्दा अतिरिक्त रोयल्टी तथा नवीकरण शुल्क तिर्नु परेको छ। गैरनाफामूलक उदेश्यले सामुदायिक हित र विकासका निम्ति सञ्चालन भएका सामुदायिक रेडियोले वार्षिक नवीकरण शुल्क तथा आम्दानीबाट रोयल्टी लिने नियमावलीको

व्यवस्था तत्काल खारेज गरियोस्।

(४) अन्य सञ्चार माध्यमको पहुँच बाहिर रहेका दुर्गम एवं पछ्यािड परेका क्षेत्रमा सञ्चालित सामुदायिक रेडियोलाई विषेश सहुलियत र सहयोगको प्रबन्ध गरियोस्।

(५) जिल्लामा संचालित सवै एफएम रेडियोको इजाजत एवं लाइसेन्सको वार्षिक नवीकरण सम्बन्धित काम जिल्लाबाट नै हुने व्यवस्था मिलाइयोस् ।

नीतिगत एवं योजनाबद्ध रूपमा पूरा हुनुपर्ने मागहरू

मुलुक संविधान कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ। नयाँ सञ्चार नीति अनुसार ऐन, नियमावली, सञ्चार-माध्यमहरूलाई हेर्ने दृष्टिकोण र व्यवहार पनि समयानुकूल परिवर्तन गर्न आवश्यक छ। यसका लागि निम्न विषयहरूलाई सम्बोधन गर्ने कानुन निर्माण गरी तुरून्तै लागू गर्न सरकारसमक्ष माग गर्दछौँ।

(क) सञ्चार नीतिले समेततीन प्रकृतिका प्रसारण सेवाको अवधारणा स्वीकार गरेको छ। सोहीबमोजिम सार्वजनिक प्रसारण सेवा, सामुदायिक प्रसारण र निजी प्रसारण माध्यमलाई न्यायोचित रूपमा फ्रिक्वेन्सी वितरणको व्यवस्था मिलाइयोस् । फ्रिक्वेन्सी एलुकेशन प्लान (फ्रिक्वेन्सी वितरण योजना) बिना एफएम रेडियोको फ्रिक्वेन्सी वितरण गर्नाले उत्पन्न भएको समस्या समाधानको निम्ति अविलम्ब पहल थालियोस्।

(ख) सरकार र राज्यले गर्ने सञ्चारसम्बन्धी कार्यलाई आधुनिक, प्रभावकारी, कम खर्चिलो, न्यायमा आधारित बनाउनुका साथै राष्ट्रिय अखण्डता, सार्वभौमिकता, साम्प्रदायिक सद्भाव कायम हुने गरी सामुदायिक रेडियोको समेत सहभागितामा राष्ट्रिय प्रशारण प्राधिकरण गठन गरी राज्यका सबै प्रसारणसम्वन्धी कार्यहरू व्यवस्थित गरियोस।

(ग) सामुदायिक रेडियो प्रसारण माध्यमले राज्य र समाजलाई अघि बढाउन खेलेको भूमिका र योगदानको आधारमा रेडियो स्टेसन सञ्चालनका लागि आवश्यक पर्ने उपकरण, सवारी साधन लगायतका सामग्री खरिद गर्दा भन्सार महसुसलमा सहुलियतको व्यवस्था गरियोस। सामुदायिक रेडियोलाई सामाजिक उद्यमको रुपमा मान्यता दिईयोस।

(घ) सूचना तथा सञ्चार मन्त्रालयको वर्तमान संरचनालाई सेवामुखी बनाइयोस्। नीति निर्माण र निर्णय प्रक्रियालाई पारदर्शी तुल्याउँदै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरियोस।

(ङ) छिमेकी मुलुकहरूमा समेत एफएम रेडियो प्रसारण विस्तार भइरहेको र मूलत भारतीय सीमा क्षेत्र नजिक सञ्चालन हुने ठूलो वाटका एफएम रेडियोको फ्रिक्वेन्सीसँग स्वदेशमा सञ्चालित एफ एम रेडियोको फ्रिक्वेन्सी जुध्ने अवस्था

देखिएकाले तत्काल स्वदेशी एफएम रेडियोको फ्रिक्वेन्सी सुरक्षाको निम्ति आवश्यक पहल गरियोस्।

अन्त्यमा,

संघको कार्यप्रगतिमा तदारूकताका साथ सक्रिय सचिवालयको नेतृत्व गर्ने कार्यकारी निर्देशक सहित समस्त कर्मचारीलाई धन्यवाद दिन चाहन्छु। साथै, संघको तेह्रौ साधारण सभा तथा सामुदायिक रेडियोहरुको राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सहयोग गर्ने केन्द्रीय वालकल्याण समिति, वर्ल्ड भिजन इन्टरनेशनल, प्लान नेपाल, राष्ट्रिय भूमि अधिकार मंञ्च, पोखरा महानगरपालिका, विविसी मिडिया एक्सन, आतिथ्यताका लागि ग्राण्ड होटल, विविसी नेपाली सेवा, हाम्रा साझोर संस्था लगाएत सबै निकाय र व्यक्तिप्रति आभार प्रकट गर्न चाहन्छु। पोखरा जस्तो पर्यटकीय नगरीमा साधारणसभालाई सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अकोरावको प्रदेश नं. ४ को प्रदेश कमिटि र पोखरा भित्र रहेका सदस्य रेडियो स्टेशनका साथीहरु,त्यसैगरी कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखासमिति पदाधिकारीज्यूहरु र देशभरिबाट प्रतिनिधित्व गर्नुहुने तीनसय सदस्य रेडियो स्टेसनहरूप्रति समेत हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद।

मिति : २०७४ माघ १२ र १३ गते पोखरा